कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
# प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा

## सुरक्षा गार्ड सेवा करारमा लिने सम्बन्धी शिलबन्दी प्रस्ताव आव्हानको सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८३/०४/०८)*

१. आ.व. २०८३/८४ को लागि प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापाको सुरक्षा प्रयोजनार्थ देहाय बमोजिमको सेवा आवश्यक भई सेवा करारमा लिनुपर्ने भएकोले सो कार्यको लागि इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट रीतपूर्वकको सिलवन्दी प्रस्ताव आव्हान गरिएको व्यहोरा अस्पतालको मिति २०८३/०४/०७ को निर्णयानुसार अनुरोध छ।

**सुरक्षा गार्ड संख्याः** प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापाको लागि जम्मा ३ (तीन) जना।

**आवश्यक सेवा अवधिः** २०८३/०५/०१ देखि २०८४ असार मसान्तसम्म।

२. प्रस्ताव फारम तथा यस सम्बन्धी थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

३. प्रस्तावदाताले फर्म वा कम्पनी वा संस्थाको दर्ताको अद्यावधिक प्रमाणपत्र, नवीकरण भएको इजाजतपत्र, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र, मु.अ.कर/स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र रु. १,०००/- (अक्षरुपी एक हजार मात्र) फिर्ता नहुने दस्तुर रा. बा. बैङ्कको राजश्व खाता नं.१०००१००२०००१०००० राजश्व शिर्षक १४२२९ तथा यस अस्पतालको कोड ३७००३१२०२१ मा जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ। प्रस्ताव सम्बन्धी फारम मिति २०८३/०४/२२ गते ५ बजेसम्म यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

४. इच्छुक प्रस्तावदाताले मिति २०८३/०४/२५ गतेको दिउँसो १२:०० बजे भित्र प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापाको अस्पतालमा प्रस्ताव पेश गर्न सकिनेछ। उक्त समयभन्दा पछि पेश भएको प्रस्तावलाई मान्यता दिइने छैन।

५. प्रस्तावको मान्य हुने अवधि प्रस्ताव खोलेको मितिदेखि ४५ दिनको हुनेछ। प्रस्तावदाताले प्रस्तावको साथ प्रस्ताव जमानत रकम रु. १८,०००/- (अक्षरुपी अठार हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं. २२१०१००२०२०३०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको रकम प्रस्ताव बुझाउने अन्तिम मितिबाट कम्तिमा ७५ दिन मान्य अवधि भएको नेपालको कुनै वाणिज्य बैंकबाट यस अस्पतालको पक्षमा जारी भएको सक्कलै बैंक ग्यारेण्टी (Bank Guarantee) पेश गर्नु पर्नेछ।

६. दर्ता वा पेश भएका प्रस्तावहरु मिति २०८३/०४/२५ गते दिनको १३:०० बजे प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापाको अस्पतालमा प्रस्तावदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा प्रस्ताव खोल्ने कार्यमा बाधा पर्ने छैन।

७. प्रस्ताव खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा लगत्तै पछि अस्पताल खुलेको दिन सोही समयमा हुनेछ।

८. प्रस्ताव पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने साथै प्रस्ताव रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षित रहनेछ।

९. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी प्रस्ताव फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१०. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

क. लागत अनुमानको विवरण देहाय बमोजिम हुनेछः

| क.स. | कामको विवरण | सम्बन्धित अस्पताल | लागत अनुमान रु. (मू.अ.क. सहित) | प्रस्ताव जमानत रु. |
|---|---|---|---|---|
| १ | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर झापाका लागि ३ जना सुरक्षा गार्डको सेवा उपलब्ध गराउने कार्य | प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर, झापा | रु. ७,०८,०००/- | रु. १८,०००/- |

अस्पताल प्रमुख

https://provinceayurvedahosp.koshi.gov.np/ prvayuhos@gmail.com ०२३-५७७०५०/९८५२६५०१६५